# फिदिम नगरपालिका

## स्थानीय राजपत्र

(फेदेन पत्र)

भाग : २ खण्ड: ३ संख्या:१७

# फिदिम नगरपालिका

# रमिते भ्यू टावर सन्चालन निर्देशिका २०७६

आज्ञाले,

विनोद कुमार दाहाल
प्रमुख प्रशासकीय अधिकृत

# रमिते डाँडा भ्यू टावर सन्चालन निर्देशिका२०७६

| | |
|---|---|
| कार्यपालिका बैठकबाट स्वीकृत मिति | २०७६।११।०६ |
| प्रमाणिकरण भएको मिति | २०७६।११।०७ |

फिदिम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर

१ नं. प्रदेश,नेपाल

# रमिते डाँडा भ्यू टावर सन्चालन निर्देशिका२०७६

यस नगरपालिकाको स्वामित्वमा रहेको रमिते भ्यू टावर सन्चालन गर्ने सम्वन्धमा आवश्यक मिलाउन फिदिम नगरपालिकाले यो कार्यविधि वनाएको छ ।

१) यो निर्देशिकाको नाम रमिते भ्यू टावर सन्चालन निर्देशिका २०७६ हुनेछ ।

२) पर्यटकीय स्थलको रुपमा विकास गरिने

क) रमिते भ्यू टावरलाई क्रमवद्ध रुपमा योजना तर्जुमा गरी नगरपालिकाले पर्यटकीय स्थलको रुपमा विकास गर्न नगरपालकाले यस कार्यविधि अनुसार आवश्यक व्यवस्था मिलाउनेछ ।

ख) यसरी पर्यटकीय स्थलको रुपमा विकास गर्दा यसको छेउछाउमा रहेका अन्य पर्यटकीइ पूर्वाधारलाई समूचित व्यवस्थापन गरी भ्यूटावरसंग एकिकृत गरी विकास गरिनेछ ।

३) निजी क्षेत्रको समेत सहभागितामा भ्यू टावरमा थप पूर्वाधार तथा भौतिक सामग्रीको व्यवस्थापन गरी सुविधा सम्पन्न पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।

४) भ्यू टावरको निरन्तर सुधार गर्न तथा सन्चालन गर्न निम्नानुसारको एक सन्चालक समिति रहनेछ ।

क) वडा नं २ का वडाध्यक्ष संयोजक

ख) प्राविधिक शाखाका प्रमुख सदस्य

ग) नगरपालिकाका पर्यटन हेर्ने कर्मचारी सदस्य

घ) जग्गादाता मध्ये १ जना

ङ) स्थानीय होटल व्यवसायी मध्ये १ जना

समितिको वैठकमा आवश्यक्ता अनुसारका पदाधिकारीलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ । समितिको वैठक र कार्यविधि समितिले आफैं निर्धारण गर्नेछ ।

५) समितिले भ्यू टावरमानिश्चित प्रवेश शुल्क लिई सार्वजनिक उपयोगको लागि खुल्ला गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।यस्तो प्रवेश शुल्क सन्चालक समितिले निर्णय गरे वमोजिम हुनेछ ।

६) समितिले टावर सन्चालन गर्दा आफ्नै कर्मचारीको व्यवस्था गर्न सक्नेछ छ तर यसवाट नगरपालिकालाई कुनै आर्थिक भार पर्ने छैन ।

७) भ्यू टावरको सन्चालनको लागि टावर सन्चालन समितिको नाममा आफ्नै खाता रहने छ । सन्चालक समितिले आवश्यक योजना तर्जुमा गरी योजना कार्यान्वयन गर्न यो कोषको प्रयोग गर्न सक्नेछ । नगरपालिकाले आवश्यक्ता अनुसार यस कोषमा रकम जम्मा गर्न सक्नेछ ।कोषको वैंकमा रहेको खाताको सन्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा अधिकृत वा निजले तोकेको लेखा शाखाको कर्मचारीको संयुक्त दस्तखतवाट सन्चालन हुनेछ ।

८) सन्चालक समितिले प्रत्येक वर्ष आम्दानी खर्चको विवरण असारमा हुने नगर सभामा पेश गर्नु पर्ने छ ।

९) ठेकावाट सन्चालन गर्न सकिने

क) सन्चालक समितिले भ्यू टावर सन्चालन गर्ने ठेकामा लगाउन सक्नेछ ।

ख) यसरी ठेकामा लगाउनु पर्दा कम्तीमा १५ दिनको म्याद दिई स्थानीय पत्रीकामा सूचना दिई सवै भन्दा वढी लाभ दिने र संरक्षण गर्ने प्रस्ताव छनौट गर्नु पर्ने छ ।यस्तो ठेकाको अवधि ५ वर्ष भन्दा वढी हुने छैन ।

ग) ठेकामा लगाउनु पूर्व तत्काल टावर क्षेत्रमा गर्नु पर्ने सुधारका कार्यहरुको सूची तयार गरी त्यसको लागत अनुमान तयार गरी ठेक अंकवाट सो लागत व्यहोर्ने शर्तमा ठेका लगाउन सकिनेछ । तर ठेका अवधि समाप्त हुँदा यसरी गरिएका सुधारका कार्य जस्ताको तस्तै हस्तान्तरण गर्ने शर्त राख्नुपर्नेछ ।

यस कार्यविधिमा समावेश नभएका अन्य व्यवस्थाका सम्वन्धमा सन्चालक समितिले निर्णय गरी नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ । यस सम्वन्धमा कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

१०) नगर कार्यपालिकाले सन्चालक समितिलाई भ्यूटावर सन्चालनका सम्वन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । नगरकार्यपालिकाको निर्देशन वाध्यकारी हुनेछ ।

११) नगर कार्यपालिकाले यो कार्यविधि आवश्यक्तानुसार परिमार्जन गर्न सक्नेछ ।

आज्ञाले
विनोदकुमार दाहाल
प्रमुख प्रशासकीय अधिकृत